आज मिति २०७४ कार्तिक २९ गते सरुमारानी गाउँपालिकाको ११ औं बैठक यस गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री मिना कुमारी सोमको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपसिल अनुसार निर्णय गरियो ।

तपसिल :-

| | | |
|---|---|---|
| श्री | मिना कुमारी सोम | गा.पा. उपाध्यक्ष |
| " | आशा रजौरे | कार्यकारी अधिकृत (प्र.प्र.अ.) |
| " | चित्रबहादुर सोम | ४ नं. वडा अध्यक्ष |
| " | मित्रबहादुर मेसाङी | ३ नं. " " |
| " | तुलबहादुर रोका | ६ नं. " " |
| " | मुकुन्दराज शर्मा | १ नं. " " |
| " | सन्तबहादुर बराल | ५ नं. " " |
| " | मोहम्मद हालिम हलुवाई | गाउँ कार्यपालिका सदस्य |
| " | टंकप्रसाद सुनार | " " |
| " | उर्मिला बि. एम. | " " |
| " | चन्द्रिमा थापा | " " |
| " | जिवा सुनार | " " |
| " | रिमा पुर्केली | " " |

आमन्त्रितहरु :-

| | | |
|---|---|---|
| श्री | मनिबहादुर गुरुङ | ले.प्र. |
| " | हेमन्त जि.सी. | का.स. |
| " | धनबहादुर रानो | " " |

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

**प्रस्ताव नं. १. दूरी प्रमाणित सम्वन्धमा ।**

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा यस सरुमरानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बड्डाँडाबाट यहाँका प्रत्यक वडा कार्यालयसम्मको दूरी देहायबमोजिम रहेको कुरा सर्वसम्मत निर्णय गरियो ।

गाउँपालिका देखि १ नं. वडा कार्यालय : १२.५ कि.मि.

गाउँपालिका देखि २ नं. वडा कार्यालय : १५ कि.मि.

गाउँपालिका देखि ३ नं. वडा कार्यालय : ७ कि.मि.

गाउँपालिका देखि ४ नं. वडा कार्यालय : ० कि.मि.

गाउँपालिका देखि ५ नं. वडा कार्यालय : ६.५ कि.मि.

गाउँपालिका देखि ६ नं. वडा कार्यालय : २० कि.मि.

**प्रस्ताव नं. २. आर्थिक सहयोग सम्वन्धमा ।**

निर्णय नं. २. प्रस्ताव नं २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं. ३ काँस्कोट निवासी ओविलाल कामीलाई औषधि उपचार गर्न निजको आर्थिक अवस्था कमजोर भएकोले विपन्न असहाय कोषबाट रु १००००। सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३. दीर्घ रोग स्वास्थ्य कोषबाट सहयोग ।**

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं. ५ मा बस्ने देउमान सोमै मगर मृगौला रोगको कारण नियमित चेक गरी औषधि सेवन गर्नुपर्ने भएकोले निजलाई दीर्घरोग स्वास्थ्य कोषबाट रु १५०००। सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो । साथै यस सरुमारानी गाउँपालिका वडा नं. ५ बुढिचउर बस्ने थमन बहादुर अछामी मगरको दुवै मृगौला नष्ट भएको र उपचाररत रहेको हुँदा निजलाई निजलाई दीर्घरोग स्वास्थ्य कोषबाट रु २००००। सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४. योजना सम्वन्धमा ।**

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाभित्र यस आ.व.भित्र सम्पन्न गरिने योजना मध्य रु १० लाखसम्मका योजनाहरु वडास्तरमा नै सम्झौता गर्ने र रु १० लाख भन्दा माथिका योजनाहरु गाउँपालिकास्तरमा सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५. एकीकृत सम्पत्ति करको सम्वन्धमा ।**

निर्णय नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा एकीकृत सम्पत्ति कर लागू गर्ने सम्बन्धमा यही मंसीर २१ गतेको निर्वाचन सम्पन्न भएपश्चात लगत्तै एकीकृत सम्पत्ति करको बारेमा छलफल गर्ने, उद्योग वाणिज्य संघसँग मिटिङ बसी छलफल गर्ने र वडा स्तरमा राजनितीक दल र बुद्धिजीविसँग छलफल गरी प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

आगामी वैठक आवश्यकता अनुसार बस्ने गरी आजको वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner